# पञ्चपुरी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५          संख्या : ०४          मिति: २०७८/१२/०९


## भाग–३

## छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका, २०७८

### प्रस्तावना

पञ्चपुरी नगरपालिका क्षेत्र भित्र छाडा छोडिएका चौपायाहरुको कारणबाट कृषकहरुले लगायतका अन्नवाली बर्षेनी नोक्सान भैरहेको, छाडा चौपायाका कारण बजार क्षेत्र आसपासका खेती योग्य जग्गाको बाझोपन बढ्ने क्रममा रहेको, परम्परागत रुपमा राष्ट्रिय जनावरका रुपमा रहेको तथा व्यवसायिक दृष्ट्रिकोणबाट लाभ नहुने पशुको महत्व पनि घट्दै जान सक्ने देखिएको तथा छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन गर्न आवश्यक भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) मा रहेको व्यवस्था बमोजिम पञ्चपुरी नगरकार्यपालिकाले यो निर्देशिका बनाई लागु गरेको छ ।

### परिच्छेद– १
### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यो निर्देशिकाको नाम “छाडा चौपाया नियन्त्रण तथा व्यस्थापन निर्देशिका २०७८” रहेको छ ।

(२) यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भइ राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले पञ्चपुरी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले पञ्चपुरी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले पञ्चपुरी नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "छाडा चौपाया" भन्नाले बेवारिसे रुपमा नगर क्षेत्रमा छाडिएका गाई, गोरु, बाच्छा, बाच्छी, राँगा, भैसी, सुगुर, वंगुर, वाखावाखी, बोका लगायतका चौपायाहरुलाई सम्झनु पर्दछ।

(च) "पालन क्षेत्र" भन्नाले छाडा चौपायाहरुलाई व्यवस्थित रुपमा पाल्नका लागि नगरपालिका क्षेत्र भित्र तोकिएको क्षेत्रलाई सम्झनु पर्दछ ।

(छ) "चरनक्षेत्र" भन्नाले छाडा चौपायाहरुलाई व्यवस्थित रुपमा चराउनका लागि नगरपालिका क्षेत्र भित्र तोकिएको चरनयोग्य जग्गालाई सम्झनु पर्दछ ।

(ज) "सभा" भन्नाले पञ्चपुरी नगरपालिकाको सभालाई सम्झनु पर्दछ ।

(झ) "प्रमुख" भन्नाले नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ञ) "उप प्रमुख" भन्नाले नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नेपाल सरकारले प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

(ठ) "वडा अध्यक्ष" भन्नाले सम्बन्धित वडाबाट निर्वाचित वडा अध्यक्ष सम्झनु पर्दछ।

(ड) "सचिव" भन्नाले पञ्चपुरी नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ र सो शब्दले वडाको हकमा सम्बन्धित वडा सचिवलाई समेत जनाउँदछ ।

(ढ) “समिति” भन्नाले निर्देशिका बमोजिम गठित परिच्छेद–२ बमोजिमको व्यवस्थापन समितिलाई जनाउने छ ।

(ण) “नगरक्षेत्र” भन्नाले पञ्चपुरी नगरपालिका क्षेत्रभित्र रहेका १ देखि ११ वडाले समेट्ने क्षेत्रलाई सम्झनु पर्दछ ।

(त) “आवश्यक कार्यविधि” भन्नाले चौपाया पालन तथा व्यवस्थापन समितिलाई चाहिने आवश्यक कार्यविधि भन्ने जनाउने छ ।

(थ) “वडा समिति” भन्नाले परिच्छेद-४ बमोजिमको समितिलाई जनाउँने छ।

## परिच्छेद –२
## छाडा चौपाया व्यवस्थापन समिति

३. <u>नगरस्तरीय व्यवस्थापन समितिः</u> नगर क्षेत्रमा रहको छाडा चौपाया व्यवस्थापनका लागि एक नगरस्तरीय व्यवस्थापन समिति रहनेछ।त्यस्तो व्यवस्थापन समितिमा देहाय बमोजिमका संयोजक तथा सदस्य रहनेछन्:

(क) नगर उपप्रमुख –संयोजक

(ख) कार्यपालिकाले तोकेका कार्यपालिकाका सदस्यहरु मध्ये २ जना –सदस्य

(ग) नगरपालिकामा कार्यरत कृषि सेवाको प्रमुख –सदस्य

(घ) स्थानीय तहमा रहेको वन कार्यालयको अधिकृत –सदस्य

(ङ) नगरपालिकाको पशु सेवा शाखाको प्रमुख – सदस्य सचिव

व्यवस्थापन समितिको बैठकमा आवश्यकता अनुसार नगरपालिकाका पदाधिकारी तथा कर्मचारी र अन्य संघ सस्थाको पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

४. <u>नगरस्तरीय व्यवस्थापन समितिको काम कर्तव्य अधिकारः</u> नगरस्तरीय व्यवस्थापन समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ:

(क) छाडा चौपाया व्यवस्थापनका लागि नीति तथा योजनाको तर्जुमा गर्न नगरपालिकालाइ सहयोग गर्ने ।

(ख) नगर क्षेत्र भित्र छोडिएका छाडा चौपायाहरुलाई नगरपालिका क्षेत्रभित्र पालन तथा चरन क्षेत्र तोक्न सिफारिस गर्ने ।

(ग) नगरपालिकाका क्षेत्र भित्र पालेका घरपालुवा र छाडा चौपायाहरुको तथ्याङ्क (लगत) संकलन गरी अध्यावधिक गर्ने ।

(घ) चौपायाहरुको तथ्याङ्क (लगत) संकलन गरि घरपालुवा जनावरको दर्ता र पहिचानका लागि ट्याग (निश्चित पहिचान चिन्ह) लगाउने कार्यको व्यवस्था मिलाउने ।

(ङ) समितिले छाडा पशुचौपाया पालनका लागि लाग्ने लागत, पूर्वाधार लगायतका आवश्यकताहरु को पहिचान गरी कार्यान्वयनका लागि नगरपालिकामा सिफारिस गर्ने।

## परिच्छेद - ३

## वडास्तरीय समिति सम्बन्धी व्यवस्था

५. <u>वडास्तरीय समितिको गठनः</u> (१) छाडा चौपाया व्यवस्थापनका सन्दर्भमा योजना बनाउन, समन्वय तथा आवश्यक निर्णय गर्नका लागि एक वडास्तरीय समिति रहने छ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहने छन्:

| | |
|---|---|
| (क) वडा अध्यक्ष | - संयोजक |
| (ख) वडा सदस्यहरु चार जना | - सदस्य |
| (ग) बोर्ड सदस्य सम्बन्धित वडा | - सदस्य |
| (घ) वडा सचिव | - सदस्य सचिव |

उपरोक्त बमोजिमको समितिको बैठकमा सम्बन्धित वडाका व्यक्तिहरुलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ।

६. <u>वडास्तरीय समितिको काम, कर्तव्य र अधिकारः</u> वडास्तरीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) टोल विकास समिति लगायतका अन्य समिति तथा संघ सस्थाहरुसंगको सहकार्य र समन्वयमा वडा भित्र रहेका सम्पूर्ण चौपायाहरुको जन्म, मृत्यु, खरीद, विक्री लगायतको अद्यावधिक अभिलेखको विवरण तयार गर्ने ।

(२) आफ्नो वडा भित्र रहेका छाडा छोडिएका पशुचौपायाहरुलाई छोड्न नियन्त्रण गर्ने र छाडेको चौपायाहरुको व्यवस्थापन गर्ने व्यवस्था मिलाउने ।

(३) वडाभित्र छाडा छोडिएका पशु व्यवस्थापनका लागि आवश्यक पर्ने जग्गाको पहिचान गर्ने ।

(४) यस निर्देशिका बमोजिम नगरस्तरीय गठित छाडा चौपाया व्यवस्थापन समितिले दिएको निर्देशनको पालना गर्ने ।

(५) वडा समितिले आ–आफ्नो वडामा घरमा पालिएका चौपायाहरुको जन्म, मृत्यु, खरिद तथा विक्री सहितको अभिलेखिकरण तयारी गरि राख्ने ।

(६) अध्यावधिक भैसकेका चौपायाहरु एक वडाबाट अको वडामा वा नगरपालिका बाहिर अन्यत्र विक्री वितरण वा स्थानान्तरण गर्दा अनिवार्य रुपमा वडा समितिको सिफारिस अनुसार गराउने व्यवस्था मिलाउने । यसरी वडा स्तरतीय समितिले सिफारिस गर्दा निःशुल्क रुपमा गर्ने व्यवस्था मिलाउने।

(७) एक वडाबाट अर्को वडा वा नगर क्षेत्र बाहिर चौपाया स्थानान्तरण/विक्रि वितरण भएको अभिलेखमा जनाई वडा समितिले सिफारिस गर्नु पर्नेछ ।

(८) आफ्नो वडा कार्यालय बाहिरबाट आफ्नो वडामा खरीद भै आएका पशु चौपायको अद्यावधिक विवरण तयार गर्ने ।

(९) वडा समितिले आवश्यक ठानेमा छाडा पशुपालन तथा व्यवस्थापन समितिको गठन गरेर छाडा चौपाया नियन्त्रण तथा पालनको व्यवस्था मिलाउन सक्नेछ ।

(१०) नगर क्षेत्रभित्र बेवारिसे रुपमा छोडिएका चौपायाहरुलाई नियन्त्रणमा लिई नगरपालिकाबाट पालन क्षेत्र भनि तोकिएको क्षेत्रमा लाने व्यवस्था मिलाउने ।

(११) नगरपालिकाबाट तोकिए बमोजिमको चरन क्षेत्रमा तारवार, घेरबार गर्ने, पशु आहारका लागि चाहिने आवश्यक घाँस, डाले घाँस, रुख विरुवाहरु लगाई उपभोगको व्यवस्था मिलाउने ।

(१२) चरन क्षेत्रमा चरन नभएको, नपुग हुने अवस्था र चरन नहुने मौसमका लागि सुख्खा तथा हरियो घाँस पराल खरिद गर्नु पर्ने भएमा सो पालन गर्ने संस्था/व्यक्तिलाई आवश्यक व्यवस्था मिलाउन सहयोग गर्ने ।

(१३) छाडा चौपायाको पालन तथा व्यवस्थापनका लागि चाहिने आवश्यक जनशक्ति पालन गर्ने संस्था वा व्यक्तिले दुई पक्षीय सम्झौता बमोजिम व्यवस्था मिलाउनेछ । तर नगरपालिकाले आफै व्यवस्था गर्नु पर्ने भएमा चाहिने जनशक्ति करारमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(१४) नगरपालिका आफैले व्यवस्थापन गर्नु पर्ने अवस्थामा वडा समितिवाट तोकी जिम्मेवारी पाएको सदस्यले सो छाडा पशुचौपायाहरुको रेखदेख र पालन गर्न जनशक्तिलाई परिचालन गर्नु पर्नेछ ।

(१५) नगरपालिकाले आफै व्यवस्थापन गर्नु पर्ने अवस्थामा नगरपालिकामा जनशक्ति उपलब्ध भएको अवस्थामा सोही स्तरको उपलब्ध जनशिक्तिलाई पनि उपयोग गर्न सक्नेछ ।

(१६) पालन क्षेत्रमा पालिएका चौपायाहरु तथा चौपायाहरुबाट उत्पादित चिजबस्तु विक्री वितरण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(१७) छाडा पशु चौपायाको व्यवस्थापन गर्न आवश्यक पर्ने गौशाला निर्माणका लागि सार्वजनिक वन, सरकारी वन, पर्ति जमिन, सामुदायिक वन, खोला, नदी किनार, तटीय क्षेत्र आदि खोजी व्यवस्थापन गर्ने, सो हुन नसकेमा जमिन भाडामा लिई नगरपालिकाले त्यसको व्यवस्थापन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(१८) वडा समितिले यो निर्देशिका लागु भएको ३ महिना भित्र आ-आफ्नो वडा भित्र रहेको पशुहरुको एकिन तथ्याङ्क तयार गरि नगरपालिकामा पेश गर्न ।

## परिच्छेद-४

## दण्ड, जरिवाना र लिलाम विक्री सम्बन्धी व्यवस्था

७. **पशु चौपाया छाडा छाड्ने कार्य दण्डनीय** हुनेः घर गोठमा पालिएका पशु चौपायाहरु सार्वजनिक स्थलमा वेवारिसे अवस्थामा छाड्न हुदैन । कुनै चौपाया धनीले आफूले पालेका चौपायाहरु नियतबस वा जानी जानी घर/गोठबाट हटाउने उद्देश्यले सार्वजनिक स्थलमा छाड्ने अथवा हेल चक्रयाई गरी त्यस्ता वस्तु जथाभावी छाडिदिने कार्य दण्डनीय हुनेछ ।

८. **दण्ड जरिवाना सम्बन्धी व्यवस्था** : (१) दफा ६ बमोजिम कोही कसैले आफूले पालेका पशु चौपायाहरु नियतबस वा जानी जानी घरबाट हटाउने उद्देश्यले सार्वजनिक स्थलमा वेवारिसे गराई छाडिदिने अथवा हेल चक्रयाई गरी त्यस्ता वस्तु जथाभावी छाडिदिने कार्य गरेमा नगरपालिकाले त्यस्ता पशु चौपाया धनीको यकिन पहिचान गरी देहाय बमोजिम जरिवाना गर्नेछ र नियन्त्रणमा लिईएका त्यस्ता छाडा पशु चौपाया निजको जिम्मा लगाउने छ ।

(क) गाई/गोरु-बाछा/बाछी -३०००/-

(ख) राँगा/भैंसी-पाडा/पाडी -७००/-

(ग) बाखा, खसी, बोका, भेंडा -५००/-

(घ) सुंगुर/वंगुर -५००/

(२) उपदफा (१) बमोजिम एक पटक जरिवाना बुझाई सकेका चौपाया धनीले नियतबस सोही कसुर पुनः गरेमा निजलाई पहिलो पल्ट गरेको जरिवानामा ५०% थप गरि असुल उपर गरिनेछ र त्यस्ता छाडा चौपाया निजको जिम्मा लगाइनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जरिवाना गर्दा त्यस्ता वेवारिसे छाडा चौपाया नियन्त्रणमा लिदा र नियन्त्रण पश्चात नगरपालिकाले घाँस पानीमा गरेको खर्च समेत उक्त जरिवानामा जोडी असुल उपर गर्न सकिने छ ।

## परिच्छेद –५

## पशुधनीको काम, कर्तव्य र अधिकार

९. <u>पशुधनीको काम, कर्तव्य र अधिकारः</u> पशुधनीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्नो घरमा पालेको जनावरको पालन पोषण गर्ने/गराउने ।

(ख) आफ्नो घरमा पालेका पशु चौपायाको जन्म, मृत्यु, विक्रि वितरणको विवरण नियमित रुपमा वडा समितिमा उपलब्ध गराउने ।

(ग) आफु बसोवास गरेको वडा बाहेक अन्यत्र स्थानबाट पशु चौपायाहरु खरीद गर्दा वडा समितिको अनुमति लिएर मात्र गर्ने।

(घ) वडा भित्र रहेका छाडा पशु चौपायाको व्यवस्थापनका लागि वडा कार्यालयलाई आवश्यक सहयोग गर्ने/गराउने ।

(ङ) कसैले आफ्नो वडा भित्र रहको पशु छाडा छोडेमा त्यसको जानकारी वडा समितिलाई दिने ।

## परिच्छेद-६

## छाडा चौपाया पालन तथा व्यवस्थापन समितिका कार्यहरु

<u>१०. छाडा चौपाया पालन तथा व्यवस्थापन समितिका कार्यहरुः</u> छाडा चौपायाहरुको व्यवस्थापन समितिले निम्न कार्यहरु गर्नेछ ।

क) नगर क्षेत्रभित्र बेवारिसे रुपमा छोडिएका चौपायाहरुलाई नियन्त्रणमा लिई एकिकृत तथा ढुवानी मार्फत दफा ४ (क) वा दफा ७ (ख) बमोजिम पालन क्षेत्र भनि छुटयाएको क्षेत्रमा आवश्यक पर्ने घर, टहरा गौशाला, पानी र घेरवारको आवश्यक व्यवस्था गर्नेछ ।

ख) दफा ४(क) बमोजिम चरन क्षेत्र भनि छुट्याएका क्षेत्रमा तारवार, घेरवार गरी पशु आहारका लागि चाहिने आवश्यक घाँस, डाल घाँस, रुख, विरुवाहरु लगाई उपभोगको व्यवस्था मिलाउनेछ ।

ग) चरन क्षेत्रमा चरन नभएको, नपुग हुने अवस्था र चरन नहुने मौसमका लागि सुख्खा तथा हरियो घाँस पराल खरिद गर्नु पर्ने भएमा सो पालन गर्न संस्था/व्यक्तिले आवश्यक व्यवस्था मिलाउनेछ ।

घ) छाडा चौपाया पालन तथा व्यवस्थापनका लागि चाहिन आवश्यक जनशक्ति पालन गर्न संस्था वा व्यक्तिले दुई पक्षीय सम्झौता वमोजिम व्यवस्था मिलाउनेछ । यदि ७ (ख) अनुसार नगरपालिका ले आफैं व्यवस्था गर्नु पर्ने भएमा चाहिने जनशक्ति संख्या करारमा राख्ने व्यवस्था अनुगमन तथा समन्वय समितिको स्विकृतिमा गर्न र सोका सुविधा समन्वय समितिले तोके वमोजिम हनेछ ।

ङ) नगरपालिका आफैले व्यवस्थापन गर्नु पर्ने अवस्थामा वडा समितिबाट तोकी जिम्मेवारी पाएको सदस्यले सो छाडा पशुचौपायाहरुको रेखदेख र पालन गर्न जनशक्तिलाई परिचालन गर्नु पर्नेछ ।

च) नगरपालिका आफैंले व्यवस्थापन गर्नु पर्ने अवस्थामा नगरपालिका मा जनशक्ति उपलव्ध भएका अवस्थामा सोही स्तरका उपलव्ध जनशक्तिलाई पनि उपयोग गर्न सक्नेछ ।

छ) पालन क्षेत्रमा पालिएका चौपायाहरु तथा चौपायाहरुबाट उत्पादित चिजवस्तु विक्री वितरण उक्त पशुचौपाया पालन गर्ने संस्था/व्यक्तिले गर्नेछ ।

ज) छाडा पश चौपायाका व्यवस्थापन गन आवश्यक पन गौशाला निर्माणका लागि सार्वजनीक, सरकारी वन, प्रति जमीन, सामुदायिक वन, खोला नदी किनार तटिय क्षेत्र आदि खोजी व्यवस्थापन गर्न सो हुन नसकेमा जमिन भाडामा लिई समेत व्यवस्थापन गर्नु पर्नेछ ।।

## परिच्छेद – ७

## छाडा चौपाया व्यवस्थापनका लागि आर्थिक व्यवस्था

११. <u>छाडा चौपाया व्यवस्थापनका लागि आर्थिक व्यवस्थाः</u> पशु चौपाया व्यवस्थापनका लागि आवश्यक पर्ने आर्थिक व्यवस्था देहाय बमोजिम हुनेछः

(क) स्थानीय सस्था/व्यक्तिसंग साझेदारी गरेर व्यवस्थापन हुने हकमा सम्झौता बमोजिम हुनेछ ।

(ख) नगरपालिकाले आफ्नै व्यवस्थामा पशुपालन गरेर व्यवस्थापन गर्नुपर्ने अवस्थामा छाडा पशुचौपाया व्यवस्थापनका लागि आवश्यक हेरालु, घाँस पराल समेतको लागि आवश्यक पर्ने रकम नगरसभाबाट विनियोजन गर्नुपर्नेछ ।

## परिच्छेद–८

## <u>दण्ड जरिवाना सम्बन्धी व्यवस्था</u>

१२. <u>दण्ड जरिवानाः</u> यस कार्यविधि बमोजिम कसैले पशु छाडा छाडेमा वा व्यवस्थापन कार्यमा असहयोग गरेमा देहाय बमोजिमको दण्ड जरिवाना गरिनेछः

(क) पशु धनी कसैले पनि पशुचौपाया छोडी वा लापरवाही गरी कसैको खेतीपाती वा अन्य बालीनाली हानी नोक्सानी भएमा क्षतीको एकिन गरि सम्वन्धित पशुधनीवाट सम्बन्धीत वडा समितीले क्षतिपूर्ति भराई दण्ड सजाय गर्न सक्नेछ ।

(ख) कुनै पशुधनीले पालन गर्दै आएका पशु छाडा छोडेमा प्रति गोटा पशु बापत रु.५०००/- का दरले जरिवाना गरिनेछ । त्यस्तो पशु स्वयं पशुधनीलाई जिम्मा लगाइनेछ ।

(ग) पञ्चपुरी नगरपालिका बाहेक अन्य पालिकाबाट यस पञ्चपुरी नगरपालिका क्षेत्रभित्र पशु छोडेको सूचना प्राप्त भएमा सम्बन्धित पालिकासंग समन्वय गरी नीज पशुधनीबाट असुलउपर गरिनेछ ।

(घ) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तीले छाडा चौपाया छोडेको वा भेटेको जानकारी वडा कार्यालय वा नगरपालिकालाई दिएमा वा बुझाएमा सो सूचना दिने

व्यक्तीलाइ कानून बमोजिम जरिवानाबाट उठेको कूल रकमको २५ % ले हुन आउने रकम पुरस्कार स्वरुप उपलब्ध गराईनेछ।

(ङ) परम्परागत मूल्य र मान्यता, धार्मिक तथा सांस्कृतिक आधारमा पशु चौपायाहरुको अवहेलना हुने गरि कसैले छाडा छोडेमा त्यस्तो पशुधनीलाई दोश्रो पटक देखि नगरपालिका वा वडा कार्यालयबाट प्रदान गरिने सेवा तथा सुविधाबाट बञ्चित गरिनेछ ।

## परिच्छेद –९

## संसोधन

१३. <u>संसोधनः</u> **छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका,** २०७८ संशोधन गर्नुपर्ने आवश्यक भएमा यस निर्देशिका बमोजिम गठित समितिबाट निर्णय गरि नगरकार्यपालिका समक्ष संसोधनका लागि पेश गरेमा नगरकार्यपालिकाबाट आवश्यक संशोधन हुन सक्नेछ ।

## परिच्छेद –१०

## विविध

१४. **विविधः**

(क) छाडा पशु व्यवस्थापनका लागि प्रति १५ छाडा पशु वरावर १ जनाको दरले हेरालु राख्ने व्यवस्था मिलाईनेछ ।

(ख) यस निर्देशिका बमोजिम छाडा पशु व्यवस्थापनका लागि उपयुक्त सार्वजनिक जग्गा नपाएमा नीजि स्वामित्वको जग्गामा सम्झौता गरि व्यवस्थापन गर्न सकिनेछ ।

(ग) छाडा चौपायालाई कसैले पनि यातना दिने, घाइते बनाउने, खानपिनबाट बञ्चित गराउन पाइने छैन ।

(घ) समितिको निर्णयानुसार छाडा चौपायाको नगरपालिकाबाट लिलाम बिक्री गर्न सकिनेछ ।

(ङ) लिलाम बिक्रीबाट प्राप्त रकम नगरपालिकाको सञ्चित कोषमा दाखिला हुनेछ ।

(च) नगरपालिकाले छाडा चौपायाहरुको उचित उपचारको व्यवस्था गर्न सक्नेछ ।

**आज्ञाले,**

रोमाकान्त पाण्डेय

(प्रमुख प्रशासकीय अधिकृत)